जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २८ • अंक ६९ • २०८३ साल साउन १२ गते मंगलबार (29 July, Tuesday, 2026) • पृष्ठ ४ • मूल्य रु. ५।-

## सांसद पौडेलमाथि कालोमोसो प्रहार प्रकरण: गरुडामा जाहेर

**टुडे समाचारदाता**

रौतहट । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का प्रतिनिधिसभा सदस्य गणेश पौडेलमाथि कालो मसी प्रहार गरिएको घटनामा संलग्न व्यक्तिलाई पक्राउ गरी कानुनी कारबाही गर्न माग गर्दै इलाका प्रहरी कार्यालय गरुडामा औपचारिक जाहेरी दर्ता गरिएको छ।

रौतहट निर्वाचन क्षेत्र नम्बर-४ बाट निर्वाचित सांसद पौडेल, रास्वपाका स्थानीय नेता तथा कार्यकर्तासहित सोमबार इलाका प्रहरी कार्यालय गरुडा पुगेर घटनाबारे लिखित जाहेरी दर्ता गराएक छन्। जाहेरीमार्फत उनीहरूले घटनामा संलग्न व्यक्तिहरूको तत्काल पहिचान गरी पक्राउ गर्न तथा प्रचलित कानुनअनुसार कारबाही अघि बढाउन माग गरेका छन्।

इलाका प्रहरी कार्यालय गरुडाका प्रमुख डीएसपी शंकरप्रसाद आचार्यले घटनाको अनुसन्धानलाई प्राथमिकताका साथ अघि बढाइएको जानकारी दिए। उनका अनुसार घटनामा संलग्न व्यक्तिहरूको पहिचान तथा खोजी कार्य तीव्र पारिएको छ र दोषीलाई कानुनी दायरामा ल्याउन प्रहरी सक्रिय रूपमा परिचालित भइसकेको छ।

जाहेरी दर्ताका क्रममा उपस्थित रास्वपा नेता रवीन्द्र यादव र दीपक यादवले घटना भएको सात दिन बितिसक्दा पनि संलग्न व्यक्ति पक्राउ नपर्नु चिन्ताको विषय भएको बताए।

## देवानगञ्जमा सुरक्षा व्यवस्था कडा

# सद्भाव कायम राख्न सहमति, छानबिन समिति गठन, सरकारसंग जवाफ माग

**टुडे समाचारदाता**

सुनसरी । कोशी प्रदेशको सुनसरीमा दुई समुदायबीच भएको झडपपछ उत्पन्न तनावलाई नियन्त्रणमा लिनका लागि सुरक्षा व्यवस्था थप कडा पारिएको छ।

सुनसरीको देवानगञ्ज गाउँपालिका-३ स्थित कप्तानगञ्जमा दुई समुदायबीच भएको झडपपछि बसेको सर्वपक्षीय बैठकबाट साम्प्रदायिक सद्भाव कायम राख्न सबै राजनीतिक दल र सरोकारवालाले आ-आफ्नो ठाउँबाट सक्रिय भूमिका निर्वाह गर्ने सहमति गरेका छन्। यसैबीच, राष्ट्रिय मानव अधिकार आयोगले घटनाको सूक्ष्म अनुसन्धान शुरु गरेको छ भने गृह मन्त्रालयले घटनाको सत्यतथ्य छानबिन गर्न पाँच सदस्यीय समितिसमेत गठन गरेको छ।

जिल्ला प्रहरी कार्यालय सुनसरीका प्रहरी उपरीक्षक (एसपी) केशवकुमार थेबेले दिएको जानकारी अनुसार सोमबार बसेको सर्वपक्षीय बैठकमा सहभागी राजनीतिक दल, स्थानीय जनप्रतिनिधि तथा सरोकारवालाले साम्प्रदायिक हिंसा र तनाव फैलाउने गतिविधि रोक्न तथा सामाजिक सद्भाव कायम राख्न प्रतिबद्धता जनाएका छन्।

उनले बैठकको निर्णयबारे जानकारी दिँदै साम्प्रदायिक भड्काव हुने गतिविधि नियन्त्रण गर्न सबै पक्षले आफ्नो तहबाट सक्रिय रूपमा काम गर्ने सहमति भएको बताए।

एसपी थेबेको अनुसार देवानगञ्ज र कप्तानगञ्ज क्षेत्रको अवस्था हाल सामान्य बन्दै गएको छ। जिल्ला सुरक्षा समितिको निरन्तर बैठक बसिरहेको तथा सम्पूर्ण सुरक्षा संयन्त्र 'कमान्ड एन्ड कन्ट्रोल' प्रणालीअन्तर्गत परिचालित रहेको उनले बताए। यद्यपि लौकी र भोक्राहा क्षेत्रका केही स्थानमा साना



समूहले राजमार्ग अवरुद्ध गर्ने प्रयास गरिरहेकाले त्यहाँ सुरक्षा सतर्कता कायम राखिएको छ।

उनले सोमबार कुनै नयाँ अप्रिय घटना वा थप मानवीय क्षति नभएको जानकारी दिँदै प्रभावित क्षेत्रमा प्रहरी परिचालन गरी स्थिति सामान्य बनाउने प्रयास जारी रहेको बताए।

राष्ट्रिय मानव अधिकार आयोगका अनुसार स्थानीय क्षेत्रमा पोलमा झण्डा राख्ने विषयबाट शुरु भएको विवाद डिजे बजाउने क्रममा उग्र बन्दै दुई समुदायबीच ढुंगामुढा र तोडफोडमा परिणत भएको थियो। स्थिति नियन्त्रणमा लिन प्रहरीले गोली चलाउँदा स्थानीय ओमप्रकाश मेहताको मृत्यु भएको छ।

घटनामा अन्य नौ जना घाइते भएका छन्। घाइतेमध्ये दुई जनाको अवस्था गम्भीर रहेको र उनीहरूको न्यूरो अस्पताल, विराट नर्सिङ होम तथा नोबेल मेडिकल कलेजमा उपचार भइरहेको आयोगले जनाएको छ।

घटनापछि विभिन्न स्थानमा टायर बालेर प्रदर्शन हुनुका साथै आन्दोलनकारी लाठी र रडसहित सडकमा उत्रिएपछि सुरक्षा अवस्था चुनौतीपूर्ण बनेको आयोगको भनाइ छ। त्यसपछि देवानगञ्ज, कप्तानगञ्जलगायत प्रभावित क्षेत्रमा नेपाली सेना समेत परिचालन गरिएको छ।

राष्ट्रिय मानव अधिकार आयोगले सोमबार विज्ञप्ति जारी गर्दै कोशी प्रदेश कार्यालय, विराटनगरबाट घटनाको प्रारम्भिक अनुगमन सम्पन्न भइसकेको र मानव अधिकारको दृष्टिकोणबाट विस्तृत अनुसन्धान अघि बढाइएको जनाएको छ।

आयोगका प्रवक्ता डा. टीकाराम पोखरेलद्वारा जारी विज्ञप्तिमा घटनाको निष्पक्ष अनुसन्धान गरी दोषीलाई कानुनी दायरामा ल्याउन, मृतकका परिवारलाई उचित राहत तथा क्षतिपूर्ति उपलब्ध गराउन र घाइतेहरूको निःशुल्क तथा प्रभावकारी उपचारको व्यवस्था गर्न सरकारसँग आग्रह गरिएको छ।

प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेस संसदीय दलका नेता भीष्मराज आङ्देम्बेले घटनाको जिम्मेवारी सरकारले लिनुपर्ने बताएका छन्। सोमबार सामाजिक सञ्जालमार्फत धारणा सार्वजनिक गर्दै उनले शान्ति-सुरक्षा कायम गर्न नसक्नु गृह मन्त्रालयको कमजोरी भएको दाबी गर्दै गृहमन्त्रीले घटनाबारे संसद् र जनतासामु जवाफ दिनुपर्ने बताएका छन्।

घटनाको निष्पक्ष, स्वतन्त्र र पारदर्शी छानबिन गरी दोषीमाथि कानुनबमोजिम कारबाही गर्न सरकारसँग माग गरेका छन्।घटनाको सत्यतथ्य पत्ता लगाउन तथा भविष्यमा यस्ता घटना दोहोरिन नदिन दीर्घकालीन उपाय सुझाउन गृह मन्त्रालयले पाँच सदस्यीय छानबिन समिति गठन गरेको छ।

गृहमन्त्री सुदन गुरुङको उपस्थितिमा बसेको बैठकले गृह मन्त्रालयका सहसचिवको नेतृत्वमा समिति गठन गर्ने निर्णय गरेको छ। समितिलाई घटनाको विस्तृत छानबिन गरी सात दिनभित्र प्रतिवेदन पेश गर्न कार्यादेश दिइएको छ। प्रतिवेदनमा यस्ता घटना दोहोरिन नदिन आवश्यक नीतिगत तथा दीर्घकालीन उपायहरू समेत समावेश गर्न भनिएको छ।

कप्तानगञ्जमा आइतबार राति भएको झडपपछि जिल्ला प्रशासन कार्यालय सुनसरीले देवानगञ्ज र हरिनगर गाउँपालिकाका केही क्षेत्रमा अनिश्चितकालीन कर्फ्यु आदेश जारी गरिएको छ।

## राजविराजमा पनि प्रदर्शन

**टुडे समाचारदाता**

राजविराज । सुनसरीको देवानगञ्ज गाउँपालिका-३ स्थित कप्तानगञ्जमा प्रहरीको गोली लागेर एक जनाको मृत्यु भएको घटनाको विरोधमा सोमबार राजविराजमा प्रदर्शन भएको छ।

सुनसरी छेउमै सप्तरी भएकोले यस जिल्लाको पनि सुरक्षा सतर्कता सप्तरी प्रशासनले बढाएको छ।

प्रदर्शनकारीहरूले राजबिराजस्थित नेता चोकमा टायर बालेर विरोध प्रदर्शन गरेका थिए। घटनाको निष्पक्ष छानबिन, दोषीमाथि कारबाही तथा पीडित परिवारलाई न्यायको माग गर्दै प्रदर्शनकारीहरुले प्रदर्शन गरेका थिए।

स्थानीय युवा सुरेन्द्र दासको नेतृत्वमा गएको टोलीले जिल्ला प्रशासन कार्यालय सप्तरीमार्फत नेपाल सरकारका नाममा प्रमुख जिल्ला अधिकारीलाई ज्ञापनपत्र बुझाएको छ।

उक्त ज्ञापनपत्रमा देवानगञ्ज घटनाको निष्पक्ष छानबिन गरी दोषीलाई कानुनी कारबाही गर्न, पीडित परिवारलाई उचित क्षतिपूर्ति उपलब्ध गराउन तथा यस्ता घटना दोहोरिन नदिन आवश्यक कदम चाल्न सरकारसंग माग गरिएको छ।

# ओली-प्रचण्ड सहकार्यमा शीर्ष नेताकै असन्तुष्टि, दलभित्र बढ्दै आन्तरिक किचलो

**टुडे समाचारदाता**

काठमाण्डु । नेकपा एमाले र नेपाल कम्युनिस्ट पार्टी (नेकपा) बीच प्रदेश सरकार गठनका लागि भएको तीनबुँदे सहमतिले दुवै दलभित्र असन्तुष्टि बढाएको छ। एमालेका महासचिव शंकर पोखरेल र नेकपाका वरिष्ठ नेता माधव नेपाल सहमतिप्रति असन्तुष्ट देखिएका छन्। यद्यपि, उनीहरूको असन्तुष्टिले तत्काल गठबन्धन नै संकटमा पर्ने संकेत नदेखिए पनि पार्टीभित्रको शक्ति सन्तुलन र प्रदेश राजनीतिमा यसको प्रभाव देखिन थालेको छ।

स्रोतका अनुसार नेकपाका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड' वरिष्ठ नेता माधव नेपाललाई सहमतिबारे विश्वस्त पार्ने प्रयासमा छन्। अर्कोतर्फ एमाले अध्यक्ष केपी शर्मा ओलीले भने महासचिव पोखरेलसंग असन्तुष्टि समाधानका लागि औपचारिक पहल नगरेको बताइएको छ।

यही साउन ९ मा ओली र प्रचण्डबीच भएको तीनबुँदे सहमतिको मुख्य केन्द्र प्रदेश सरकार गठन रहेको थियो। कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कँडेलविरुद्ध अविश्वास प्रस्ताव दर्ता भएपछि दुई दलबीच सहकार्यको प्रक्रिया तीव्र बनेको स्रोतहरूको दाबी छ। रोचक पक्ष के भने, प्रारम्भिक चरणमा कँडेलविरुद्ध नेकपा नै सक्रिय थियो।

स्रोतका अनुसार दुबै दलबीच सहकार्यको गृहकार्य लामो समयदेखि चलिरहेको थियो। अध्यक्ष ओलीको स्वास्थ्य उपचारका क्रममा संवादले नयाँ गति लिएको बताइन्छ।

स्रोतको अनुसार ओलीको पित्तथैलीको शल्यक्रियापछि प्रचण्डसंग संवाद बढाउन एमालेका नेता लेखराज भट्ट र पद्मा अर्याललाई सम्पर्क व्यक्तिका रूपमा परिचालन गरिएको थियो। त्यसक्रममा ४ वैशाख २०८३ मा प्रचण्ड त्रिवि शिक्षण अस्पताल पुगेर ओलीको स्वास्थ्य अवस्था बुझेका थिए।

त्यतिबेला दुबै पक्षले भेटलाई स्वास्थ्य अवस्थाबारेको सामान्य शिष्टाचार भेटका रूपमा व्याख्या गरे पनि स्रोतहरूका अनुसार त्यसले दुई नेताबीच राजनीतिक संवादको वातावरण तयार गरेको थियो। त्यसपछि भएका भेटवार्तामा प्रदेश सरकार र दीर्घकालीन सहकार्यका विषयले प्रवेश पाएको बताइन्छ।

२०८३ जेठ ३१ गते ओली प्रचण्ड निवास पुगेर लामो छलफल गरेका थिए। त्यस भेटमा प्रदेश सरकारमा सहकार्य गर्दै स्थानीय तह निर्वाचनसम्म सहकार्य विस्तार गर्ने प्रस्ताव ओलीले राखेका थिए।

त्यसै भेटमा प्रतिनिधिसभालाई प्रभावकारी



बनाउन प्रचण्डलाई संसदीय दलको भूमिकामा सक्रिय हुन आग्रह गरिएको थियो। एमाले स्रोतका अनुसार यो प्रस्ताव दीर्घकालीन राजनीतिक सहकार्य, सम्भावित पार्टी एकतासम्मको संकेतका रूपमा बुझिएको थियो।

स्रोतले जनाए अनुसार प्रचण्डले त्यसबेला एमाले पुनर्गठनको विषय उठाउँदै त्यसको व्यवस्थापनबारे प्रश्न गरेका थिए। जवाफमा ओलीले आवश्यक निर्णय पार्टीको केन्द्रीय कमिटीबाट गराउने विश्वास दिलाएको स्रोतको दाबी छ।

ओली-प्रचण्डबीच भइरहेका अधिकांश संवादबारे दुबै दलका धेरै शीर्ष नेताहरू अनभिज्ञ रहेको स्रोतहरूको भनाइ छ। यद्यपि, पार्टी एकताको सम्भावनाबारे भने दुवै दलभित्र चर्चा चलिरहेको थियो।

नेकपाका नेताहरूले पटक-पटक सोध्दा प्रचण्डले ओलीमा अझै पनि पर्याप्त आत्मसमीक्षा नदेखिएको भन्दै तत्काल पार्टी एकताको पक्षमा आफू नरहेको जवाफ दिने गरेका थिए। यद्यपि, संवादका लागि उनले वर्षमान पुन र प्रमेश हमाललाई सक्रिय बनाएको स्रोतको दाबी छ।

यसबीच ओलीले नेपाली कांग्रेससंग पनि संवादको प्रयास गरेका थिए। स्रोतका अनुसार कांग्रेस सभापति गगन कुमार थापासंग प्रत्यक्ष संवाद हुन नसके पनि उपसभापति विश्वप्रकाश शर्मासंग टेलिफोनमा कुराकानी भएको थियो।

एमाले स्रोतको अनुसार महासचिव पोखरेलले थापासंग संवाद गरिरहेका थिए। तर, ओलीले प्रचण्डसंग प्रत्यक्ष छलफल गरिरहेको जानकारी पाएपछि पोखरेलले कांग्रेससंगको संवाद रोकेको दाबी गरिएको छ।

कांग्रेस नेतृत्व भने एमालेसंग सहकार्य नगर्ने र वाम गठबन्धनमा नजाने रणनीतिमै रहेको स्रोतहरूको भनाइ छ। कांग्रेस प्रदेश सरकारभन्दा प्रतिपक्षमै बस्ने पक्षमा रहेको बताइन्छ।

एमालेका उपाध्यक्ष विष्णु पौडेल र महासचिव शंकर पोखरेलले पनि सहकार्यको विस्तृत जानकारी अन्तिम चरणमा मात्रै पाएका थिए।


पुष्पलाल स्मृति दिवसका अवसरमा आयोजित कार्यक्रममा सहभागी भएपछि ओलीले विष्णु पौडेललाई साथमा लिएर पार्टी कार्यालय पुगेका थिए। त्यसपछि निवासमा रहेका महासचिव पोखरेललाई बोलाएर गुण्डुस्थित निवासमा लगिएको स्रोतको दाबी छ।


यता एमालेभित्र प्रदेश सरकारको नेतृत्व परिवर्तनबारे पनि विवाद बढेको छ। कोशी प्रदेशमा अध्यक्ष ओली वर्तमान मुख्यमन्त्री हिक्मत कार्कीलाई निरन्तरता नदिइ एमाले सांसद तिलकुमार मेयाङ्बोलाई नेतृत्व दिने पक्षमा रहेको स्रोतको दाबी छ। कार्की भने आफ्नो निरन्तरताका पक्षमा छन्। महासचिव पोखरेल कार्कीको पक्षमा उभिन सक्ने चर्चा एमालेभित्र चलिरहेको छ।

लुम्बिनी प्रदेशमा पनि मुख्यमन्त्री चेतनारायण आचार्यको स्थानमा लीला गिरीलाई नेतृत्व दिने तयारी भइरहेको बताइन्छ। यसअघि आन्तरिक विवादकै कारण गिरी अन्तिम समयमा मुख्यमन्त्री बन्नबाट रोकिएका थिए।

कोशी प्रदेशमा नेकपाभित्र पनि विवाद चर्किएको छ। संसदीय दलका नेता इन्द्र आङ्बोले प्रचण्डले कोशी प्रदेशलाई व्यक्तिगत प्रभाव क्षेत्रझैँ व्यवहार गरेको भन्दै असन्तुष्टि जनाइरहेका छन्।

नेकपाले कोशी प्रदेशमा मुख्यमन्त्री दाबी गरिरहेको अवस्थामा अन्ततः उक्त प्रदेश एमालेलाई छोड्ने निर्णय भएपछि पार्टीभित्र असन्तुष्टि थप बढेको बताइन्छ।





अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# एमाले र नेकपा सत्यानाश तर्फ

नेकपा एमाले पार्टी भित्र नेतृत्व छाड्न केपी शर्मा ओलीमाथि बढ्दो दबाब र नेपाल कम्युनिष्ट पार्टी(नेकपा)का अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले थेग्नु परेको त्यस्तै दबाबका बीच दुई नेताले गरेको तीन बुँदे सहमतिले झन् विवादलाइ चर्काएको छ । पार्टीको आन्तरिक दबाबलाई कम गर्न ओली र प्रचण्डले गरेको सहमतिपछि दुबै दलमा विवाद झन् चर्किएको छ । ओली र प्रचण्डले कयौँ पटक सत्ता साझेदारी र कयौँ पटक गठबन्धन समेत गरिसकेका छन् । तर त्यो कहिल्यै सफल भएन ।केही समयका लागि गठबन्धन भए पनि त्यो लामो चलेन । दुबै दलमा दुबै नेताप्रतिको विश्वास अहिले निकै घटिसकेको छ। एमालेमा पनि दोस्रो वरियता र तल्लो वरियतामा रहेका नेताहरुले ओलीलाई अध्यक्ष पद छाड्न ठूलो दबाब बनाएका छन् । ओली स्वेच्छाले राजीनामा नदिए पार्टीको विशेष महाधिवेशन डाकेर पनि हटाइने तयारी गरिएको छ। नेकपामा पनि प्रचण्डको अवस्था उस्तै छ। प्रचण्डलाई पनि संयोजक पदबाट राजीनामा दिएर अथवा तत्काल महाधिवेशन बोलाउन दबाब बढाइएको छ । तीन बुंदे सहमतिपछि सहसंयोजक रहेका माधवकुमार नेपाल समेत असन्तुष्ट बनेका छन् । पुराना तीन दल मध्ये नेपाली कांग्रेसमा विशेष महाधिवेशन गरेर तत्कालीन सभापति शेरबहादुर देउवालाई विस्थापित गरिसकिएको छ । पार्टीका युवा सभापति गगन कुमार थापाको नेतृत्वमा पार्टी पुनः नयाँ ढंगले अगाडि बढेको छ । हुन त त्यहाँ पनि विस्थापित भएका नेताहरुले बाहिरैबाट भए पनि सभापति थापालाइ कमजोर बनाउन लागिपरेका छन् । पुराना नेताहरुले सभापति थापालाई अनेक प्रकारले दबाब दिएर आफ्नो वर्चस्व बनाउन चाहका छन् । पुराना तीनै दलको समस्या उस्तै छ । देशमा नयाँ शक्तिको उदय अत्यन्त प्रभावशाली र सशक्त देखिएको छ । देशमा युवाको नेतृत्वमा रहेको सरकारले जनचाहना अनुरुपको कार्य अगाडि बढाएको छ ।हुन त त्यहाँ पनि पुरानो संस्कारले छाडेको छैन । खुट्टा तानातानको अवस्था छ । सरकारले पनि बेलगाम घोडा जस्तो भएको आरोप लागेको छ । तर त्यो भन्दा पनि पुराना दलहरु एमाले र नेकपाबीचको गठबन्धनले प्रदेशको संरचनालाई तहसनहस बनाउन थालेको छ। प्रदेशमा रहेको गठबन्धनलाई भत्काएर दुई दलले सरकार गठनको प्रकृयामा अगाडि बढेको छ। तर त्यसले दुई दलबीचको आन्तरिक विवादलाई झन् चर्काएको छ । प्रदेश सरकारहरु अस्थिर बनेको छ । यसले संघीयता विरोधी शक्तिहरुलाई चलखेल गर्ने ठूलो अवसर मिलेको छ । प्रदेश सरकारलाई अस्थिर बनाउने पुराना दलहरुको कारण त्यसलाई खारेज गर्नुपर्नेहरुको तर्क बलियो देखिन थालिएको छ । आगामी वर्ष प्रदेशको नियमित चुनाव हुने समय छ । त्यस अगावै पनि सरकारले चाहे चुनाव हुन सक्छ । त्यसमा पुराना दलहरुले अझै बनाइरहेका अपवित्र गठबन्धनहरुले सत्यानाश निश्चित छ ।

# संसद् छलेर फेसबुक रोज्ने सरकार : मन्त्रीको निर्णय, प्रधानमन्त्रीको स्टाटस



दिवेश कुमार महतो

एका देशमा राज्य सञ्चालनका लागि एक राजा थिए । राजा आफैले सबै कार्यवाही गर्न नसक्ने भएकाले विभिन्न क्षेत्रका विज्ञहरूलाई अमात्य वा मन्त्रीका रुपमा नियुक्त गरेका थिए। अमात्यहरू भने आ-आफ्नै तौरतरिकाले जनतासामु प्रस्तुत हुन्थे र बेलाबखत उनीहरुको कतिपय कार्यशैलीले स्वयम चर्चामा आउने गर्थे । तर राजालाई त राजा हुनु थियो । त्यसै कारण राजाले अमात्यको छविलाई पनि तोडमडोर गरि आफ्नो 'राजा' छवि देखाउन खोज्थे । त्यसबेला त राज्यमा जनताले उठाएका प्रश्न र अमात्यले राखेको जिज्ञासालाई चिरफार गर्न राजा स्वयंम जवाफ फर्काउथे । र बेलाबखत राजाको सवारी सार्वजनिक कार्यक्रमहरुमा हुन्थे । अन्ततः प्रजाहरुले राजालाई हेर्न पाउथे र राजाको सम्बोधन सुन्न पाउँथे । तर त्यसबेलाको त्यो कहानी हाम्रो परिवेशसँग मिल्न जान्छ। जहाँ "देशको कार्यकारी नेतृत्व सम्हालेका प्रधानमन्त्री तथा मन्त्रिपरिषद्का प्रमुख सदस्यहरूको निर्णय शैली र आपसी तालमेलबारे विभिन्न राजनीतिक वृत्तमा फरक-फरक टिप्पणी भइरहेका छन्।"

**१. बजेटको निर्णय र फेसबुकको घोषणा**

अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले प्रस्तुत गरेको वार्षिक बजेटमा स्वास्थ्य र शिक्षाजस्ता आधार भूत सेवामा ३ प्रतिशत अतिरिक्त कर लगाइएपछि त्यसको व्यापक आलोचना भयो। आलोचनाबीच पनि अर्थमन्त्रीले आफ्नो निर्णयको सार्वजनिक रूपमा निरन्तर बचाउ गर्दै आएका थिए। उनले यो निर्णयलाई आवश्यक र उचित भन्दै व्याख्या गरिरहेका थिए। जसले गर्दा अर्थमन्त्री डा. स्वणिर्म वाग्ले चर्चामा थिए । तर मंगलबार प्रधानमन्त्री बालेन शाहले फेसबुकमार्फत स्वास्थ्य र शिक्षामा लगाइएको ३ प्रतिशत कर लागू नहुने घोषणा गरे।

प्रधानमन्त्रीको यो घोषणाले नागरिकलाई तत्काल राहतको सन्देश त दियो, तर यसले अर्थमन्त्रीको निर्णय क्षमता, अडान र सरकारभित्रको समन्वयमाथि गम्भीर प्रश्न पनि खडा गरिदियो। यदि यो निर्णय सरकारभित्रकै सहमतिमा भएको थियो भने त्यसको जानकारी अर्थ मन्त्रालय वा अर्थमन्त्री स्वयंले दिनुपर्ने थियो। तर त्यसो भएन। अब प्रश्न यो छ कि सरकारको आर्थिक नीति सिंहदरबारमा तय हुन्छ कि फेसबुकको स्टाटसमा ? यदि अन्तिम निर्णय सामाजिक सञ्जालबाटै हुने हो भने, अर्थ मन्त्रालयले बजेट पुस्तिकाभन्दा पहिले प्रधानमन्त्रीको फेसबुक वाल हेर्ने चलन बस्न बेर लाग्ला जस्तो देखिन्छ। बजेट कार्यान्वयनको चरणमा मन्त्रालयबाट हुनुपर्ने यो काम कार्यविधिको प्रक्रिया मिच्दै प्रधानमन्त्रीले फेसबुकमार्फत आफैं सार्वजनिक गरेका थिए। अर्थमन्त्रीसँग परामर्श गरिएको भनेर प्रधानमन्त्रीले भने पनि यो निर्णय प्रधानमन्त्री आफैंले सार्वजनिक गरे । सामान्यत निर्णयहरू सम्बन्धित विभागीय मन्त्रालय र मन्त्रीबाटै सार्वजनिक हुनुपर्ने हो ।

**२. अर्थमन्त्रीमाथि बढ्दो दबाब**

प्रधानमन्त्री बालेन,अर्थमन्त्रीको कामकारबाही बाट असन्तुष्ट देखिँदा कताकता विदुशी राणालाई अर्थमन्त्री बनाउने हल्ला समाजिक सञ्जालमा सेलाउन नपाउँदै प्रधानमन्त्रीको स्टाटसले अर्थमन्त्रीलाई घुमाउरो सटारो हाने नै । त्यसैबीच पूर्वराष्ट्रपति डा. रामवरण यादवले पनि एक सार्वजनिक कार्यक्रममा उनको विज्ञता माथि प्रश्न नै उठाउनुभयो ।

प्रथम राष्ट्रपति रामवरण यादवले संघीयताको विपक्षमा लागेको भन्दै अर्थमन्त्री स्वर्णिम वाग्लेको आलोचना गर्नुभयो ।

विद्वान् अर्थमन्त्री भन्ने तर संघीयताजस्तो सबैको मुद्दालाई नबुझ्ने भन्दै यादवले बुधबार बत्तीसपुतलीमा कांग्रेसका नेता चक्रप्रसाद बाँस्तोलाबारेको पुस्तक ' बौद्धिकता र विद्रोह'को लोकार्पण समारोहमा बोल्दै यादवले अर्थमन्त्री वाग्लेमाथि कटाक्ष गरेका थिए ।

उनले भने, 'अर्थमन्त्रीले संघीयता खतम गर भन्छन् । जसले बुझेको छ, यो देश फेरि रडाकोमा गएर बर्बाद हुने कुरा भइरहेको छ । विद्वान हामी पनि भन्छौँ । विद्वान् मान्छेले पीएचडीमा काम गरेको छ, देशमा प्याराडाइम सिफ्ट गर्छु, कहाँबाट कहाँ लान्छु भन्छ । तर, त्यस्को हालत त त्यो छ । भन्छ कि संघीयता खतम गर भनेर ।'

**३. गृहमन्त्री सुधन गुरुङमाथि फेरि प्रश्न**

सरकारका अर्का चर्चित मन्त्री हुन् ,गृहमन्त्री सुधन गुरुङ। उनी पछिल्लो समय मात्रै हैन जेनजी आन्दोलन देखि नै उनका कतिपय कार्यशैलीले समाजिक सञ्जाल र राजनिति वृतमा चर्चा पाइरहेको देखिन्छ । अनलाइनखबरले प्रकाशित गरेको समाचारअनुसार कान्तिपुर मिडिया ग्रुपको गेट अगाडि शंकास्पद रूपमा पार्किङ गरिएको गाडी यसअघि रास्वपाको महाधिवेशनमा गृहमन्त्रीको सवारीका रूपमा प्रयोग भएको खुलेपछि नयाँ विवाद उत्पन्न भएको छ तर यसबारे राजनितिक वृतबाट र रास्वपा सरकारका तर्फबाट कुनै प्रतिक्रिया आएका छैनन् । सदन बन्द भएर होला , विपक्षी दलका नेताहरुले पनि यसबारे कतै केहि बोलिरहेको अवस्था छैन। जबकि अनलाईन खबरले प्रकाशित गरेको "मिडियाको गेट छेक्ने गाडी चढेर रास्वपा महाधिवेशनमा गएका थिए गृहमन्त्री सुधन" भन्ने शिर्षकमा प्रकाशित सामाचारले सुधन गुरुङ माथि फेरि प्रश्न खडा भएको हो ।

रास्वपा सभापति रवि लामिछाने र सांसद मनिष झाले घटनामा जोसुकै संलग्न भए पनि कारबाही हुनु पर्ने धारणा व्यक्त गरेका थिए । रास्वपाकै सासंदहरुले उक्त काम गर्ने जोसुकैलाई कारवाही हुनुपर्ने माग गरेका थिए । अब छानबिनले कुन निष्कर्ष निकाल्छ र दोषीमाथि कस्तो कानुनी कारबाही हुन्छ भन्ने प्रतीक्षाको विषय बनेको छ।

यसअघि पनि सम्पत्ति शुद्धीकरण अनुसन्धानमा परेका व्यवसायीसँग व्यावसायिक सम्बन्ध रहेको विवरण सार्वजनिक भएपछि उनले राजीनामा दिएका थिए। पछि छानबिन समितिबाट सफाइ पाएपछि पुनः गृहमन्त्रीको जिम्मेवारीमा फर्किएका थिए ।

**४. शिक्षामन्त्री पनि विवादबाट टाढा छैनन्**

शिक्षामन्त्री सस्मित पोखरेल पनि पछिल्लो समय विवादका केन्द्रमा रहँदै आएका छन्। ब्रिजकोर्स र कन्सल्टेन्सीप्रकरण ,विश्वविद्यालय र विद्यार्थी राजनीति तथा विवादित परीक्षाफलले शिक्षामन्त्री सस्मित पोखरेल पनि चर्चामा आउन पछि हट्दैनन्। बरु प्रधानमन्त्रीको बचाउ गरेर किन नहोस् । आफु चर्चामा आउन कुनै कसर बाँकी राख्दैनन्।संसदमा प्रधानमन्त्री वालेन्द्र शाहले बोलेकोनेपालले भारतको सीमा मिचेको कुरामा पनि उनले वालेन्द्रले बोल्दै नबोलेको कुरा जोडेर त्यस्तो नबोलेको भन्दै बचाउ गरेका थिए ।

केहि दिनअघि चितवनको भरतपुर शिक्षा मन्त्रीलाई कालो झण्डा देखाएर विरोध जनाएका थिए ।

**५ .** भौतिक पूर्वाधार तथा यातायात मन्त्री सुनिल लम्साल पनि यस दौडबाट पछि छैनन्। ठेकेदार देखि मेयर र प्रदेश सासंद सम्मलाई हात खुट्टा भाँचिदिने अभिव्यक्ति दिएर मिर्जापुरको मुन्ना भाई भन्दा कम छैनन्। कसको कुन र कति क्षेत्राधिकार छ भनेर थाहा नभएको अल्पज्ञानको कारण बेलाबखत चर्चामा आउनु स्वाभाविक हो।

**६. संसद्प्रति प्रधानमन्त्रीको उत्तरदायित्व**

मन्त्रीहरु , यसरी चिप्लि रहँदा बालेन भने हालसम्म प्रतिनिधिसभाको ४१ वटा बैठकमध्ये ६ वटा बैठकमा मात्र उपस्थित देखिएका छन् । त्यतिमात्र हैन, बालेनले जवाफ दिने ठाउँमा केहि मन्त्रीहरु आफ्नो क्षेत्राधिकार मिचेर वक्तव्य दिई रहेका छन्। राजतन्त्र हुदाँ त राजाले जनताको प्रश्नको जवाफ दिन्थे । यसको मतलब राजतन्त्र चाहिन्छ भन्ने हैन । संसदीय व्यवस्थामा प्रधानमन्त्रीको संसद् उपस्थित र जवाफदेहिता महत्वपूर्ण विषय मानिन्छ। बेलायतमा प्रधानमन्त्रीले प्रत्येक साता सांसदका प्रश्नको सामना गर्ने अभ्यास रहेको छ भने भारतमा पनि संसद्को प्रश्नोत्तर समयमा प्रधानमन्त्रीको सहभागिता रहने गर्छ।

प्रतिनिधि सभा नियमावली २०८३ ले नेपालमा प्रधानमन्त्रीलाई संसद्प्रति थप उत्तरदायी बनाउने उद्देश्यले प्रश्नोत्तर प्रणाली राखिएको हो। अब प्रधानमन्त्री शाहले कहिलेदेखि यो व्यवस्थालाई नियमित रूपमा कार्यान्वयन गर्छन् भन्ने विषयमा चासो बढेको छ। नेपालको संसदीय अभ्यास हेर्दा अनौठो लाग्छ । निर्दलीय पञ्चायत प्रणालीमा पनि प्रधानमन्त्रीले राजाको सम्बोधनपछि उठेका प्रश्नको जवाफ दिने संसदीय चलन थियो । प्रत्यक्ष निर्वाचित राष्ट्रपतीय प्रणाली (अमेरिका) मा पनि राष्ट्रपति सधैं कांग्रेससित सम्पर्कमा आइरहेका हुन्छन्, तीतो-मीठो जे भए पनि । वर्तमान राष्ट्रपति डोनल्ड ट्रम्प झन् बढी सक्रिय भई सञ्चारकर्मीसित बोलिरहेका देखिन्छन् । उनको सक्रियता चाहिनेभन्दा बढी देखिए पनि लोकतन्त्रमा सुसूचित गराउने अभ्यासमा भने उनी पोख्त छन् ।

नेपालको संविधानले पनि प्रधानमन्त्रीलाई संसद् प्रति उत्तरदायी बनाउने उद्देश्यले प्रश्नोत्तर प्रणालीको व्यवस्था गरेको छ। तर व्यवहारमा यसको प्रभावकारी कार्यान्वयन हुन सकेको देखिँदैन।

वर्तमान प्रधानमन्त्रीलाई अघिल्ला प्रधानमन्त्रीभन्दा फरक शैलीको नेता मानिन्छ। उनी अनावश्यक उद्घाटन, भाषण र औपचारिक कार्यक्रममा कम देखिन्छन्। काममा केन्द्रित रहने प्रयास सकारात्मक पक्ष हो। तर लोकतन्त्रमा परिणाम मात्र पर्याप्त हुँदैन; प्रक्रिया पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ। प्रक्रियालाई बेवास्ता गरेर कार्यसम्पादनमा मात्रै जोड दिइयो भने लोकतान्त्रिक संस्थाहरू कमजोर बन्दै जान्छन्। नीति तथा कार्यक्रम प्रस्तुत भइरहेका बेला सदन छोड्नु, संसदमा न्यून उपस्थिति, मन्त्रालयको क्षेत्राधिकारभित्र पर्ने निर्णय फेसबुकमार्फत सार्वजनिक गर्नुजस्ता घटनाले सरकारको कार्यशैलीमाथि प्रश्न उठाइरहेका छन्। लोकतन्त्रको मापन फेसबुकबाट होइन, संसदबाट हुन्छ । संसदीय व्यवस्थामा प्रधानमन्त्रीलाई संसद्ले छान्ने भएकाले संसद् र प्रधानमन्त्री एकअर्काका पूरक हुन्। संसद् छल्दै सामाजिक सञ्जालमार्फत शासन सञ्चालन गर्ने प्रवृत्तिले लोकतान्त्रिक उत्तरदायित्व कमजोर बनाउने जोखिम हुन्छ।

कार्यसम्पादन महत्त्वपूर्ण हो, तर त्यसलाई वैधानिक प्रक्रिया, संस्थागत मर्यादा र संसदीय जवाफदेहितासँगै अघि बढाउनुपर्छ। अन्यथा लोकतन्त्रको आत्मा कमजोर बन्दै जान्छ।

यसै सन्दर्भमा राष्ट्रिय सभामा सांसद महन्थ ठाकुरले प्रधानमन्त्रीलाई 'नेपाली हिटलर' को संज्ञा दिँदै, "उसले जे बोल्छ त्यही ठीक, उसले जे गर्छ त्यही कानुन" भन्ने टिप्पणी गरेका थिए। यो टिप्पणीसँग सहमत वा असहमत हुन सकिएला, तर यसले वर्तमान सरकारको निर्णय शैलीमाथि उठिरहेको सार्वजनिक बहसलाई भने झनै तीव्र बनाएको छ।


## भूमि प्रशासन कार्यालय मौलापुर, रौतहट

### छूट जग्गादर्ता सम्बन्धी हकदावीको ३५ दिने सार्वजनिक सुचना

उपरोक्त सम्बन्धमा जिल्ला रौतहट साबिक गा.वि.स.राजपुर फरहदवा वार्ड नं. ४ हाल मौलापुर न.पा. ७मा बस्ने धर्मेन्द्र साह तेलीले विपक्षी जिल्ला बारा गा.वि.स पर्देवा वार्ड नं.९ मा बस्ने जोखु महतो कोईरी बिच बिगो नं.५६२को लेनदेन मुद्दा चली सम्मानित रौतहट जिल्ला अदालतबाट २०७४/०४/१९गतेका दिन फैसला भएकोमा सो फैसला बमोजिम सम्मानित अदालतबाट मिति २०७५/०४/३० गतेका दिन डाँकलिलाम मुचुल्का भएकोमा सो मुचुल्काअनुसार चौघर महतोको नाममा सर्वे नापनक्सा भएको जिल्ला रौतहट गा.वि.स. पथराम वार्ड नं. ८ कि.नं. २२ को ०-१-१७ र गा.वि.स. पथराबुधराम वार्ड नं.९ कि.नं.१९६को ०-०-१७ को अप्रमाणित जग्गालाई प्रमाणित गरी आफनो नाममा दा.खा. दर्ता गरी पाउँ भनी द.नं. २६८७ मिति २०८१/०९/०९ गतेको माग निवेदन ।

माग जग्गाको मोठ भिडान हुँदा गा.वि.स. पथराबुधराम वार्ड न ८ कि.नं. २२को ०-१-१७ र वार्ड नं.९ कि.नं.१९६को ०-०-१७को मोठ श्रेस्तामा जग्गावालाको ताम, बतन केही उल्लेख नरही जग्गामात्र उल्लेख रही चौघर महतोको नाममा रोक्का देखिदैन र वि.न. १९६ मा दां.खा. मि.नं.५२ मिति २०७५/०५/२४ मा मिसिल भिडेको व्यहोरा उल्लेख भई आएको देखिन्छ ।

मौलापुर न.पा.७ को च.नं.१९१ मिति २०८२/०६/०७गतेको पत्र बाट जिल्ला रौतहट साविक गा.वि.स. राजपुर फरहदवा वार्ड नं.४ हाल मौलापुर न.पा. ७ मा बस्ने धर्मेन्द्र साह तेलीले जिल्ला बारा गा.वि.स. पर्देवा वार्ड नं.९ मा बस्ने जोखु महतो कोईरीको नामदर्ताको जिल्ला रौतहट गा.वि.स. पथराबुधराम वार्ड नं.८ कि.नं.२२ को ०-१-१७० र गा.वि.स. पथराबुधराम बार्ड नं.९ कि.नं.१९६ को ०-०-१७ को जग्गा अप्रमाणित रही निज धर्मेन्द्र साह तेलीले भोग गर्दै आएकोमा सो अप्रमाणित जग्गालाई प्रमाणित गरी धर्मेन्द्र साह तेलीको नाममा दा.खा. दर्ता गरिदिनको लागि सिफारिस भई आएको देखिन्छ ।

उल्लेखित जग्गामा कोही कसैको हकदावी पुग्ने भएमा प्रमाण रहि म्यादभित्र यस कार्यालयमा निवेदन दिन आउनु भनी भूमिप्रशासन निर्देशिका २०८१ को परिच्छेद ३ को दफा ५० बमोजिम यो ३५ दिने सार्वजनिक सुचना प्रकाशित गरिएको छ। यो सुचना प्रकाशन भएको मितिले बाटोको म्यादबाहेक ३५ दिनभित्र आफनो हकदाबीको प्रमाण साथ यस कार्यालयमा उपस्थित हुनआउनु होला अन्यथा मांगदाबी बमोजिम दा.खा. भै जाने व्यहोर यसै सुचनाद्वरा जानकारी गराईन्छ ।



## भूमि प्रशासन कार्यालय, गौर, रौतहट

### जग्गा फुकुवा सम्बन्धी हकदाबी बारे ३५ दिने सार्वजनिक सूचना

यसमा जिल्ला रौतहट साविक गाविस सरुअठा बडा न.-४ हाल यमुनामाई न.पा.-४ मा बस्ने बुधन साहको नाति सरजुग साहको छोरा रामनाथ साह कानुले आफ्नो पत्नि नाता पर्ने सरजुग साहको छोरा बुहारी रामनाथ साह कानुको पत्नि स्व. राधिका देवी कनुनीको नाउँमा दर्ता कायम रहेको जग्गा जिल्ला रौतहट साविक गा.वि.स. सरुअठा वडा नं.५ख किता नं.६८ ज.वि.०-२-० मा तत्कालीन मालपोत कार्यालयको चलानी नं.६५९ मिति-२०४५/०३/१९ गतेको पत्र बमोजिम जि.रौ.गा.वि.स. सरुअठा बस्ने हृदय विष्टको श्रीमती तुल्सी देवीको नाउँमा पारित लिखत वमोजिम विक्रीभएकोमा हकदार खडा भै सो जग्गामा हकसफी तर्फको उजुरी परेकोले सोही बमोजिम रोक्का रहेको जग्गा फुकुवा गरी पाउँ भनी द.नं. २२६ मिति-२०८३/०४/०६ गतेको माग निवेदन भै आएकोमा राधीका देवी कनुनीको नाउँमा मोठ कायम रही मा.पो.का.सर्वेउजुरी चलानी नं.६५९ मिति-०३/१९ गतेको पत्रले रोक्का रहेको भनी मोट फाँटबाट लेखिआएको साथै यस कार्यालयको च.नं. ६५९ मिति-२०४५/०३/१९ गतेको रोक्का पत्र खोज तलास गर्दा फेला नपरेको व्यहोरा अनुरोध छ भनी तामेली फाटँबाट लेखिआएको तथा यमुनामाई गा.पा.-३४ को चलानी नं.१३ मिति २०८३/०४/०४ गतेको हकभोग सिफारीस स्थलगत सर्जमिन मुचुल्का मृत्युदर्ता प्रमाणपत्र समेतले दर्तावाला राधिका देवी कनुनी आफ्नो कालगतिले मिति-२०७४/०३/२५ गतेमा प्रलोक भइ निजको हकखाने १ एक मात्र पति रामनाथ साह कानुले मालपोन ९ औ संशोधन नियमावली २०८३ को दफा ८ को ५ड को २ उपनियमावली १ फुकुवाको लागि दिएको माग निवेदन बमोजिम सम्बन्धी हकदावी बारे ३५ दिने सार्वजनिक सुचना प्रकाशित भई म्याद सकेपछि पेश गर्ने भनी मिति-२०८३/०४/०६ गतेको आदेशा बमोजिम सोको हकदाबी वारे यो ३५ दिने सार्वजनिक सूचना जारी गरिएको छ। निजको तिनपुस्ता भित्रको नाता पर्ने अन्य कोही भए, अन्य कसैलाई असर पर्ने भए वा फुकुवा हुनु नपर्ने कुनै कारण भए स-प्रमाण सहित आफु वा रित पूर्वकको बारेस मार्फत यो सूचना जारी भएको मितिले बाटो म्याद वाहेक ३५ दिन भित्र यस कार्यालयमा प्रतिवाद गर्न आउनु होला अन्यथा कानून बमोजिम माग बमोजिम फुकुवा भै जाने छ।

**तपसिल**

| जिल्ला | गा.वि.स. | बडा न. | कि.नं. | क्षेत्रफल | ज.ध. |
|---|---|---|---|---|---|
| रौतहट | सरुअठा | ५ख | ६८ | ०-२-० | राधिका देवी कनुनी सरुअठा-४ बाबु-अमिरी साह पति-रामनाथ साह ससुरा-सरजुग साह |



## ज्योतिष-मार्गदर्शन



प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | रोकिएका कामहरु विस्तारै अगाडि बढ्नेछन् । |
| वृष : | दिनको पहिलो भाग व्यापार व्यवसाय र दाम्पत्य जीवनका लागि सुखद रहनेछ। |
| मिथुन : | सुरुको समयमा पुराना ऋण वा रोगबाट केही राहत मिल्नेछ । |
| कर्कट : | स्वास्थ्यमा सुधार आउनेछ र पुराना प्रतिस्पर्धामा जित हासिल हुनेछ । |
| सिंह : | विद्यार्थी वर्गका लागि पढाइमा प्रगति हुनेछ र बौद्धिक क्षमताको प्रशंसा हुनेछ। |
| कन्या : | सुरुको समयमा पराक्रम बढ्नेछ । |
| तुला : | आर्थिक दृष्टिकोणले दिनको सुरुवाती भाग निकै राम्रो रहनेछ । |
| वृश्चिक : | परिवारमा सुखद वातावरण रहनेछ । |
| धनु : | नयाँ योजनाहरु सोचे अनुरुप अगाडि बढ्नेछन् । |
| मकर : | सुरुमा आम्दानीका नयाँ स्रोतहरु फेला पर्नेछन् । |
| कुम्भ: | नयाँ जिम्मेवारी मिल्न सक्छ । |
| मीन: | सुरुको समयमा भाग्यले साथ दिनेछ र धार्मिक वा सामाजिक कार्यमा सहभागिता बढ्नेछ। |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378


## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

**जनकपुरधाम - जयनगर**

बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**

बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझा | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# जनचेतनाबाट दुर्घटना न्यूनीकरणको प्रयास

**टुडे समाचारदाता**

रौतहट । सवारी दुर्घटना न्यूनीकरण गर्ने उद्देश्यले मधेश प्रदेशका जिल्लाहरुमा ट्राफिक प्रहरीले दुई पाँग्रे सवारी चालकलाई लक्षित गरी व्यापक जनचेतनामूलक अभियान सञ्चालन गरिएको छ ।



सडक अनुशासनको विकास र सुरक्षित यात्राको संस्कार बसाल्ने उद्देश्यसहित विभिन्न जिल्लामा चालकसँग प्रत्यक्ष अन्तरक्रिया कार्यक्रमलाई निरन्तरता दिइदैं आएको जनाइएको छ ।

यसैक्रममा राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय पथलैयाका प्रमुख प्रहरी उपरीक्षक (एसपी) ज्ञानेन्द्रबहादुर बस्नेतले चालकहरूसँग प्रत्यक्ष छलफल गर्दै ट्राफिक नियमको पालनालाई जीवन रक्षासँग जोडिएको विषय भएको बताएका छन् ।

उनले भने अभियानको क्रममा हेल्मेटको अनिवार्य प्रयोग, निर्धारित गतिमा सवारी चलाउने, मादक पदार्थ सेवनपछि सवारी नचलाउने तथा ट्राफिक संकेतको पालना गर्न सबै चालकलाई आग्रह गरेका छौं । एसपी बस्नेतले प्रदेशका सबै ट्राफिक प्रहरी कार्यालयलाई विद्यालय, बजार क्षेत्र, राजमार्ग तथा सार्वजनिक स्थानमा नियमित रूपमा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्न निर्देशन दिँदै दुर्घटना रोकथामका लागि जनचेतनाभन्दा प्रभावकारी उपाय अर्को नरहेको उल्लेख गरेका छन् ।

प्रदेश ट्राफिक प्रहरी कार्यालयका प्रवक्ता डीएसपी नवराज न्यौपानेका अनुसार 'सुरक्षित यात्रा, जिम्मेवार चालक र अनुशासित सडक हाम्रो साझा दायित्व' भन्ने मूल नारासहित अघि बढाइएको अभियानले उत्साहजनक नतिजा दिन थालेको छ। उनका अनुसार ट्राफिक प्रहरीले कारबाहीसँगै चेतनामूलक कार्यक्रमलाई समान प्राथमिकता दिँदा गत आर्थिक वर्षमा अघिल्लो वर्षको तुलनामा सवारी दुर्घटनाबाट मृत्यु हुनेको संख्या घटेको तथ्यांकले देखाएको छ ।

नेपालमा हुने अधिकांश सडक दुर्घटनामा मोटरसाइकल तथा स्कुटरजस्ता दुई पाङ्ग्रे सवारीको संलग्नता बढी देखिने गरेको छ। हेल्मेट नलगाउने, तीव्र गतिमा सवारी चलाउने, जोखिमपूर्ण ओभरटेक गर्ने र ट्राफिक नियमको बेवास्ता गर्ने प्रवृत्तिले दुर्घटनाको जोखिम झन् बढाउने गरेको छ । यही अवस्थालाई मध्यनजर गर्दै ट्राफिक प्रहरीले दण्डभन्दा चेतनालाई प्राथमिकतामा राख्दै चालकसँग प्रत्यक्ष संवादको अभ्यास सुरु गरेको हो । सचेतनामूलक अभियानले चालकमा जिम्मेवारीबोध बढाउने अपेक्षा गरिए पनि दीर्घकालीन रूपमा दुर्घटना न्यूनीकरणका लागि सुरक्षित सडक पूर्वाधार, प्रभावकारी ट्राफिक व्यवस्थापन, कडा कानुनी कार्यान्वयन र नागरिकको अनुशासित व्यवहारसँगसँगै एकसाथ अघि बढाउनुपर्ने आवश्यकता रहेको उनले बताए ।

# वनस्पति उद्यानभित्र नक्षत्र वाटिका निर्माण, नक्षत्र, राशी र ग्रह अनुसारको वृक्षरोपण

जनकपुरधाम । पछिल्लो समय पर्यटकहरुको आकर्षणको केन्द्र बन्दै गएको धनुषाधाम वनस्पति उद्यानभित्र निर्माण गरिएको नक्षत्र वाटिकमा नक्षत्र, राशि र ग्रह अनुसारको वृक्षरोपण सुरु भएको छ ।



मधेश प्रदेश सरकारको रु आठ लाखको लागतमा आर्थिक वर्ष २०८२/८३ मा निर्माण गरिएको उक्त नक्षत्र वाटिकामा २७ वटा नक्षत्र, १२ वटा राशी र नौ ग्रहको बिरुवा रोपाइँ गर्ने लक्ष्य रहेको उद्यानका प्रमुख मो. ताहिर हुसेनले जानकारी दिनुभयो ।

नवनिर्मित नक्षत्र वाटिकामा आइतबार सङ्घीय सरकारको कृषि, वन तथा पर्यावरणमन्त्री गीता चौधरी र मधेस प्रदेश सरकारका वन तथा वातावरणमन्त्री शङ्करप्रसाद चौधरीले राशि अनुसारको बिरुवा रोपेर वृक्षरोपणको सुरुआत गर्नुभएको प्रमुख हुसेनले बताउनुभयो ।

उहाँका अनुसार उक्त वाटिकामा क्रमशः नक्षत्र, राशि र ग्रह अनुसारको बिरुवा रोपिनेछ । विसं २०५६ मा स्थापना भएको सो उद्यानभित्र विभिन्न विषयगत वाटिकाहरु स्थापना गरिएको प्रमुख हुसेनले जानकारी दिनुभयो । उहाँका अनुसार उद्यानभित्र धार्मिक वाटिक, नक्षत्र वाटिका, जडीबुटी शैक्षिक वाटिका, जल उद्यान, धनुष वाटिका, जलीय वनस्पति उद्यान, फूल उद्यान, ट्याक्सोनोमिकल फेमिली वाटिकालगायत संरचना निर्माण गरिएको छ ।

करिब १२० हेक्टर क्षेत्रफलमा फैलिएको वनस्पति उद्यानभित्रका प्रत्येक वाटिका र उद्यानभित्र सम्बन्धित विषयका वनस्पति तथा जडीबुटीका बिरुवा लगाइएको प्रमुख हुसेन बताउनुभयो ।

उहाँका अनुसार उक्त वनस्पति उद्यानमा हाल २७६ वनस्पति प्रजातिको संरक्षण गरिएको छ । जसमा ७४ रूख, ४८ बुट्यान, १३४ झारपात र २० लहरे प्रजातिको वनस्पति संरक्षण गरिएको छ ।

वनस्पति उद्यानमा अध्ययन र अवलोकनका लागि आउने विद्यार्थी तथा अध्येताहरुलाई आवश्यक जानकारीका लागि सूचना केन्द्र व्यवस्थापनसँगै सुगन्धित जडीबुटी र वनस्पतिको तेल प्रतिशत निर्धारण गर्न केमष्ट्री ल्याब समेत स्थापना गरिएको प्रमुख हुसेनको भनाइ छ ।

वन तथा वातावरण मन्त्रालयअन्तर्गत सञ्चालित सो वनस्पति उद्यान संरक्षण, अनुसन्धान र वातावरणीय शिक्षाको उद्देश्यले स्थापना गरिएको भए पनि मधेस प्रदेशकै सम्भावनायुक्त पर्यटकीय गन्तव्यका रूपमा विकसित हुँदै गएको छ । जनकपुरधामबाट करिब १८ किलोमिटर पूर्वमा रहेको धनुषाधाम वनस्पति उद्यान पछिल्लो केही वर्षदेखि आन्तरिक र बाह्य पर्यटकहरु आउने क्रम बढ्ेको वनस्पति उद्यानका कर्मचारी सुरेश भण्डारीले बताउनुभयो । रासस

# अवैध सालको गोलिया काठ बरामद



**टुडे समाचारदाता**

रौतहट । लुकाइछिपाइ राखिएको अवैध साल जातको गोलिया काठ रौतहटको गुजरा नगरपालिका-२ चोचाबाट वन तथा सुरक्षा निकायको संयुक्त टोलीले बरामद गरेको छ ।

चोचा सब-डिभिजन वन कार्यालयका प्रमुख अनिल कुमार महतोको नेतृत्वमा सशस्त्र प्रहरी बल (एपीएफ) जङ्गलसैयाँको संयुक्त गस्ती टोलीले आइतबार दिउँसो करिब १२:४५ बजे नियमित गस्तीका क्रममा उक्त काठ फेला पारेको हो ।

डिभिजन वन कार्यालय रौतहटका प्रमुख मनोज कुमार ठाकुरका अनुसार घटनास्थलबाट तीन थान सालको गोलिया काठ बरामद गरिएको छ, जसको परिमाण १४.५७ क्युबिक फिट रहेको छ। बरामद काठको अनुमानित बजार मूल्य करिब ६० हजार रुपैयाँ रहेको उनले बताए ।

बरामद काठलाई आवश्यक कानुनी प्रक्रिया पूरा गर्न चोचा सब-डिभिजन वन कार्यालयको परिसरमा सुरक्षित राखिएको छ । काठ तस्करीमा संलग्न व्यक्तिहरूको पहिचान तथा पक्राउका लागि खोजी कार्य तीव्र पारिएको वन कार्यालयले जनाएको छ ।

# मृतकका आफन्तद्वारा विरोध प्रदर्शन



**टुडे समाचारदाता**

वीरगञ्ज । पर्साको सखुवा प्रसौनी गाउँपालिका-१ सिद्धपुरमा शंकास्पद अवस्थामा मृत फेला परेकी महिलाका आफन्तहरूले वीरगञ्जमा विरोध प्रदर्शन गरेका छन् ।

मृतक ३७ वर्षीया लक्ष्मी खड्काको माइती पक्षले सोमवार वीरगञ्जमा प्रदर्शन गरेका हुन् । लक्ष्मीको मृत्यु शंकास्पद भएको भन्दै घटनामा संलग्नमाथि आवश्यक छानबिन गरी कारबाही गर्नुपर्ने माग राखेर प्रदर्शन गरेका हुन ।

लक्ष्मी खड्कालाई न्याय दे, हत्यारालाई कारबाही गर, तस्वीरहरू आफैं बोल्छन्, तस्वीरमाथि छानबिन होस्, घटनाको विवरण सार्वजनिक गर, निष्पक्ष जाँचबुझ समिति गठन गर लगायतका ११ बुँदे माग राखेर वीरगञ्जमा विरोध तथा एक्यबद्धता कार्यक्रम आयोजना गरिएको हो ।

वीरगञ्ज बसपार्कबाट निस्किएको ऱ्याली घण्टाघर पुगेर कोण सभामा परिणत हुने एक्यबद्धता कार्यक्रममा सहभागी युवा अभियन्ता धिरसिंह घिमिरले अनलाइनखबरलाई जानकारी दिए । घटनामा लक्ष्मीका श्रीमान सुधीर सिल्वालको परिवारको संलग्नता रहेको माइतीपक्षको आरोप छ ।

दुई सन्तानकी आमा लक्ष्मी घर नजिकैको गोठमा झुन्डिएको अवस्थामा फेला परेकी थिइन् । घटनाको प्रकृति हेर्दा लक्ष्मीको हत्या नै भएको भन्दै ठोरी गाउँपालिका-३ माइती भएका लक्ष्मीका आफन्तहरूले उनको न्यायका लागि दबाब सिर्जना गर्न जिल्ला सदरमुकाम वीरगञ्ज पुगेर प्रदर्शन गरेका हुन् ।

# दोषीलाई कानुन बमोजिम कारबाही गर्नुपर्ने माग गर्दै स्वास्थ्यकर्मीद्वारा घण्टाघरमा प्रदर्शन

वीरगञ्ज । स्वास्थ्यकर्मीले चिकित्सकमाथि भएको आक्रमणको विरोधमा दोषीलाई कानुन बमोजिम कारबाहीको माग गर्दै सोमबार घण्टाघरमा विरोध प्रदर्शन गरेका छन् ।

यहाँस्थित नारायणी अस्पतालमा उपचारका क्रममा शनिबार वीरगञ्ज महानगरपालिका-२५ निवासी ४५ वर्षीय राजकुमार पटेलको मृत्यु भएको थियो ।



बिरामीको मृत्यु भएपछि मृतकका आफन्तलेचिकित्सकमाथि गरेको आक्रमणको विरोधमा अस्पतालका स्वास्थ्यकर्मीले प्रदर्शन गरेका हुन् । पटेलको मृत्युको कारण चिकित्सकको लापरबाहीले भएको आरोप उहाँका परिवारका सदस्य तथा आफन्तले लगाउँदै आउनुभएको छ । आकस्मिक कक्षमा कार्यरत चिकित्सक (मेडिकल अफिसर) डा प्रमोद राम गम्भीरमाथि आक्रमण हुँदा उहाँ घाइते हुनुभएको छ ।

घाइते चिकित्सकको अस्पतालको सघन उपचार कक्ष (आइसीयु) मा उपचार भइरहेको छ । प्रदर्शनकारीले दोषीलाई कानुन बमोजिम कारबाही हुनुपर्ने र स्वास्थ्यकर्मीको सुरक्षाको सुनिश्चित गर्नुपर्ने माग गरेका छन् । सहभागीले 'दोषीलाई कारबाही गर', 'निलम्बन फिर्ता गर' र 'डाक्टर प्रमोदलाई न्याय दे' लेखिएका प्लेकार्ड बोकेका थिए । अस्पतालले छानबिन समिति गठन गरेको छ । साथै उपचारमा संलग्न पाँच जना स्वास्थ्यकर्मीलाई छानबिन प्रतिवेदन नआउञ्जेलसम्म जिम्मेवारीबाट हटाइएको छ । रासस

# मिटरब्याज पीडितहरूको प्रदर्शन

**टुडे समाचारदाता**

जनकपुरधाम । मिटरब्याज पीडितहरूले बन्दी प्रत्यक्षीकरणको रिट खारेज गर्न माग गर्दै सोमबार उच्च अदालत जनकपुरधामको गेट अगाडि विरोध प्रदर्शन गरेका छन् ।



प्रदर्शनकारीहरूले आर्थिक ठगी तथा मिटरब्याज प्रकरणमा पक्राउ परेका आरोपितहरूलाई कानुनी प्रक्रियाअन्तर्गत अनुसन्धान गर्न पर्याप्त समय दिनुपर्ने माग गरेका छन् ।

प्रदर्शनमा सहभागी पीडितहरूले प्रहरी हिरासतमा रहेका हरेराम साह, रेखा साह र गोपाल साह माथि भइरहेको अनुसन्धानलाई प्रभावित पार्ने गरी बन्दी प्रत्यक्षीकरणको रिट दर्ता गरिएको भन्दै त्यसलाई खारेज गर्न अदालतसँग माग गर्दै प्रदर्शन गरेका छन् ।

उनीहरूको भनाइमा घटनाको निष्पक्ष अनुसन्धान र पीडितले न्याय पाउने सुनिश्चितताका लागि आरोपितहरूलाई कानुनबमोजिम हिरासतमा राखेर अनुसन्धान गर्न आवश्यक रहेको छ । उनीहरूले अनुसन्धान प्रक्रिया कुनै पनि दबाब वा प्रभावमा नपरोस् भन्ने माग गर्दै प्रहरीलाई आवश्यक कानुनी समय उपलब्ध गराउनुपर्ने बताएका छन् ।

प्रदर्शनका क्रममा पीडितहरूले "मिटरब्याज पीडितलाई न्याय देऊ", "अनुसन्धान प्रभावित नगर", "दोषीलाई कानुनी कारबाही गर" लगायतका नारा लगाएका थिए। उनीहरूले प्रभावशाली व्यक्तिको पहुँचका आधारमा अनुसन्धानमा अवरोध सिर्जना हुन नहुने भन्दै अदालत र सम्बन्धित निकायलाई निष्पक्ष रूपमा कानुन कार्यान्वयन गर्न माग राखेका छन् ।

यता, प्रदर्शनलाई मध्यनजर गर्दै उच्च अदालत जनकपुर, जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालय परिसरमा सुरक्षा व्यवस्था कडा पारिएको थियो। प्रदर्शन भने शान्तिपूर्ण रूपमा सम्पन्न भएको प्रहरीले जनाएको छ ।

# प्रधान न्यायाधीश शर्मा स्वदेश फिर्ता



काठमाण्डु । चारदिने भारत भ्रमण सम्पन्न गरेर प्रधान न्यायाधीश डा मनोजकुमार शर्मा आज स्वदेश फर्कनुभएको छ । उहाँ भारतीय समकक्षी सूर्य कान्तको निमन्त्रणमा यही साउन ७ गते त्यसतर्फ प्रस्थान गर्नुभएको थियो ।

सर्वोच्च अदालतका प्रवक्ता अर्जुनप्रसाद कोइरालाका अनुसार भ्रमणका क्रममा प्रधान न्यायाधीश डा शर्माले समकक्षी कान्तसँग दुईपक्षीय भेटवार्ता गरी दुई देशबीच न्याय आदानप्रदान गर्ने विषयमा कुराकानी भएको थियो । प्रधान न्यायाधीश डा शर्माले भारतको सर्वोच्च अदालतको अवलोकन एवं न्यायसम्पादका बारेमा जानकारी समेत लिनुभएको थियो ।

उक्त भ्रमण दलमा प्रधान न्यायाधीश डा शर्माकी धर्मपत्नी उमा शर्मा र सहरजिष्ट्रार अमित उप्रेती सहभागी हुनुहुन्थ्यो । रासस

# नागढुङ्गा–सिस्नेखोला सुरुङमार्ग उद्घाटन

काठमाण्डु । नागढुंगा-सिस्नेखोला सुरुङमार्गको आज औपचारिक रूपमा उद्घाटन गरिएको छ । पूर्वाधार विकासमन्त्री सुनिल लम्साल, जापान अन्तरराष्ट्रिय सहयोग नियोग (जाइका)का अध्यक्ष तानाका अकिहिको तथा नेपालका लागि जापानी राजदूत माएदा तोरुले संयुक्त रूपमा सुरुङमार्ग उद्घाटन गर्नुभयो ।



त्यस अवसरमा जाइकाका अध्यक्ष तानाकाले नागढुङ्गा-सिस्नेखोला सुरुङमार्गलाई नेपालको यातायात विकास यात्राको ऐतिहासिक तथा रूपान्तरणकारी उपलब्धि भएको बताउनुभयो । उहाँले यो परियोजना केवल पूर्वाधार निर्माणमा सीमित नरही नेपाल-जापान सहकार्यको नयाँ अध्यायको सुरुआत भएको उल्लेख गर्नुभयो ।

उहाँले सुरुङ योजना, निर्माण, सञ्चालन तथा मर्मतसम्भारसम्बन्धी क्षमता अभिवृद्धिका लागि नेपाल र जापानबीच नयाँ प्राविधिक सहयोग परियोजना सुरु गरिएको जानकारी दिनुभयो । हालै स्वीकृत उक्त परियोजनाले सुरुङ पूर्वाधार विकासमा दुई देशबीचको सहकार्यलाई थप विस्तार गर्ने विश्वास व्यक्त गर्नुभयो ।

यसै वर्ष नेपाल र जापानबीच कूटनीतिक सम्बन्ध स्थापना भएको ७० वर्ष पूरा भएको उल्लेख गर्दै अध्यक्ष तानाकाले विगत सात दशकदेखि पारस्परिक विश्वास, सम्मान र सहकार्यमा आधारित सम्बन्ध अझ सुदृढ बन्दै गएको बताउनुभयो ।

नागढुङ्गा सुरुङ दुई देशबीचको दीर्घकालीन मित्रता र सहकार्यको जीवन्त प्रतीक भएको उहाँको भनाइ थियो ।

नेपालका लागि जापानी राजदूत माएदा तोरुले जापान सरकारको आधिकारिक विकास सहायता (ओडिए) तथा नेपाली प्राविधिक र श्रमिकहरूको अथक परिश्रमबाट सुरुङ निर्माण सम्पन्न भएको बताउनुभयो । उहाँले यस परियोजनाले नेपाल र जापान सरकारबीचको विश्वासपूर्ण तथा दीर्घकालीन साझेदारीलाई थप मजबुत बनाएको उल्लेख गर्नुभयो ।

राजदूत माएदाले परियोजनामा योगदान पुर्‍याउने सम्पूर्ण व्यक्ति तथा संस्थाप्रति आभार व्यक्त गर्दै यसबाट हस्तान्तरण भएको प्राविधिक ज्ञान, सीप तथा उच्च सुरक्षा मापदण्डले नेपालको भावी सुरुङ तथा पूर्वाधार विकासमा महत्वपूर्ण योगदान पुर्‍याउने विश्वास व्यक्त गर्नुभयो । आगामी वर्षौंसम्म नेपालले आफ्नै दक्षतामा सुरुङ सञ्चालन तथा मर्मतसम्भार गर्न सक्ने क्षमता विकास गर्नु नै सहकार्यको प्रमुख उद्देश्य रहेको उहाँले बताउनुभयो ।

त्यस अवसरमा पूर्वाधार विकास मन्त्रालयका सचिव गोपालप्रसाद सिग्देलले नागढुङ्गा नाका दशकौंदेखि काठमाडौं उपत्यकाको पश्चिमी प्रवेशद्वार भए पनि अत्यधिक सवारी चाप र जोखिमपूर्ण सडकखण्डका रूपमा परिचित रहेको उल्लेख गर्नुभयो । सुरुङ सञ्चालनसँगै यात्राको समय उल्लेखनीय रूपमा घट्ने तथा वर्षौंदेखिको ट्राफिक जाम र जोखिमपूर्ण यात्राको समस्या न्यूनीकरण हुने उहाँको भनाइ थियो ।

उहाँले जापानी र नेपाली इन्जिनियरहरूले भौगोलिक जटिलता तथा प्राविधिक चुनौतीबीच काँधमा काँध मिलाएर काम गरेकाले यो ऐतिहासिक परियोजना सफलतापूर्वक सम्पन्न भएको बताउनुभयो ।

नागढुङ्गा-सिस्नेखोला सुरुङमार्गको कुल लम्बाइ दुई हजार ६८८ मिटर रहेको छ । सुरुआती सम्झौताअनुसार आयोजना विसं २०८० वैशाख १३ गतेभित्र सम्पन्न हुनुपर्ने भए पनि ठेकेदार कम्पनीको ढिलाइ, कोभिड-१९ महामारी तथा स्थानीयको अवरोधका कारण निर्माण प्रभावित भएको थियो । विसं २०७६ कात्तिक २८ गते ठेक्का सम्झौता भएको उक्त आयोजनाको निर्माण अवधि पछिल्लोपटक २०८२ कात्तिक ८ गतेसम्म थप गरिएको थियो ।

यसअघि सरकारले विसं २०८२ चैत २६ गते राजपत्रमा सूचना प्रकाशित गरी सुरुङमार्ग प्रयोग गर्ने सवारीसाधनका लागि दस्तुर निर्धारण गरेको थियो । राजपत्रअनुसार कार, भ्यान, पिकअप, ट्र्याक्टर, माइक्रोबस तथा अन्य हलुका सवारीसाधनका लागि काठमाडौं प्रवेश गर्दा रु ६५ र काठमाडौंबाट बाहिरिँदा रु ६० दस्तुर तोकिएको छ । मिनीबस तथा मिनी ट्रकका लागि क्रमशः रु १२५ र रु ८०, बस तथा सिङ्गल रियर एक्सल ट्रकका लागि रु २६० र रु २०० तथा मल्टिएक्सल ट्रक तथा भारी उपकरणका लागि काठमाडौं प्रवेश गर्दा रु ६०० र बाहिरिँदा रु २५० दस्तुर निर्धारण गरिएको छ ।

नेपालको पहिलो सडक सुरुङका रूपमा सञ्चालनमा आएको नागढुङ्गा-सिस्नेखोला सुरुङमार्गले काठमाडौं-नौबिसे सडकखण्डमा यात्रा समय घटाउनुका साथै सुरक्षित, सहज र दिगो सडक यातायात व्यवस्थापनमा महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको छ । रासस

# केही स्थानमा हल्कादेखि मध्यमसम्मको वर्षाको सम्भावना

काठमाण्डु । हाल देशभर मनसुनी वायुको प्रभाव छ । मनसुनको न्यून चापीय रेखा सरदर स्थानको आसपासमा रहेको छ ।

जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाका अनुसार हाल हिमाली र पहाडी भू-भागमा साधारणतया बादल तथा तराई भू-भागमा आंशिक बादल लागेको छ । कोशी र बागमती प्रदेशका केही स्थान तथा गण्डकी प्रदेशको एक-दुई स्थानमा मेघगर्जन तथा चट्याङसहित हल्कादेखि मध्यमसम्मको वर्षा भइरहेको छ ।

विभागका अनुसार आज दिउँसो देशको हिमाली र पहाडी भू-भागमा साधारणतया बादल लाग्नेछ । बागमती, गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका तराई भू-भागमा पनि साधारणतया बादल लाग्नेछ ।

मधेस तथा कोशी प्रदेशका तराई भू-भागमा आंशिक बादल लाग्नेछ । देशका हिमाली भू-भागका केही स्थानमा तथा पहाडी भू-भागका धेरै स्थानमा मेघगर्जन तथा चट्याङसहित मध्यमसम्मको वर्षा र हिमपातको सम्भावना छ ।

लुम्बिनी र सुदूरपश्चिम प्रदेशका तराई भू-भागका धेरै स्थानमा तथा कोशी, मधेस, बागमती र गण्डकी प्रदेशका तराई भू-भागका थोरै स्थानमा मेघगर्जन तथा चट्याङसहित मध्यमसम्मको वर्षाको सम्भावना छ । कर्णाली प्रदेशको पहाडी भू-भाग तथा लुम्बिनी र सुदूरपश्चिम प्रदेशको पहाडी र तराई भू-भागका एक-दुई स्थानमा भारी वर्षाको सम्भावना रहेको छ ।

आज राति देशभर साधारणतया बादल लाग्नेछ ।रासस

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय, धनुषा
सूचना ! सूचना !! सूचना !!!
सूचना प्रकाशित मितिः– २०८३/४/१२
उप्रान्त जिल्ला धनुषा, गणेशमान चारनाथ नगरपालिका वडा नं. ३ बस्ने विन्देश्वर महराको श्रीमती रमेश्वरी कुमारीले अंगीकृत नागरिकता प्रमाण पत्र पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा रमेश्वरी कुमारीको पिता मुसन दास चमार र पति विन्देश्वर महरा हो, होइन ? निजलाई अंगीकृत नागरिकता प्रमाण पत्र दिएमा फरक पर्ने छ, छैन ? सो सम्बन्धी निज विरुद्ध कुनै प्रमाण भए यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस कार्यालयमा पेश गर्नु हुन सर्वसाधारणको जानकारीको लागि सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।
प्रशासकिय अधिकृत

# ‘विभेदमा परेकाहरुको न्यायमा पहुँच हुनु पर्‍यो’




**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशका प्रदेश प्रमुख सुरेन्द्रलाल कर्णले विभेदमा परेका सबै जातजाति र समुदायको आवाज बन्ने तथा उनीहरूलाई न्यायको पहुँचसम्म पुर्‍याउने दायित्व सबैले साझा रुपमा वहन गर्नुपर्ने बताएका छन् ।

जनकपुरधाममा सोमबार आयोजित ‘मधेश प्रदेश मानव अधिकार सम्मेलन’ लाई सम्बोधन गर्दै उनले लोकतान्त्रिक शासन व्यवस्थामा आम नागरिकको आवाज समान रूपमा उठनुपर्ने कुरामा जोड दिए । उनले राज्यका सुरक्षा तथा अन्य निकायहरूले राजनीतिक नेतृत्वको कुरा प्राथमिकताका साथ सुन्ने तर निमुखा र विपन्न नागरिकका गुनासा बेवास्ता हुने गरेको भन्दै असन्तुष्टि व्यक्त गरे ।

प्रदेश प्रमुख कर्णले भने, “आम नागरिकका धेरै गुनासा छन् । राज्यका सुरक्षा लगायतका निकायहरूले दलका नेताहरूको कुरा सुन्छन्, तर निमुखा नागरिकको आवाज कसैले सुन्दैन । लोकतन्त्रमा सबै नागरिकको अधिकार समान हुनुपर्छ, न्यायमा सबैको पहुँच सुनिश्चित हुनुपर्छ र प्रत्येक नागरिकले सम्मानपूर्वक जीवन बाँच्न पाउनुपर्छ । त्यसैलाई मानव अधिकारको वास्तविक सम्मान मान्न सकिन्छ ।”

उनले अब नयाँ सोच र सकारात्मक परिवर्तनको नेतृत्व युवापुस्ताबाट सुरु हुनुपर्ने उल्लेख गर्दै मानव अधिकारसम्बन्धी जनचेतना युवा, महिला, दलित तथा राज्यका सेवाबाट टाढा रहेका समुदायसम्म प्रभावकारी रूपमा पुर्‍याउन आवश्यक रहेको बताए । मधेश प्रदेश सरकारलाई मानव अधिकार संरक्षण र प्रवर्द्धनलाई केन्द्रमा राखेर आवश्यक कानुन निर्माण गर्न आग्रह उनले समेत गरे । मधेशका ग्रामीण क्षेत्रमा मानव अधिकार उल्लंघनका घटना अझ बढी देखिने गरेको उल्लेख गर्दै उनले जातीय विभेद, छुवाछुत, शोषण, दमन तथा अन्य सामाजिक विकृतिहरू न्यूनीकरणका लागि मानव अधिकारकर्मी, नागरिक समाज र राज्यका निकायहरूले समन्वित रूपमा काम गर्नुपर्नेमा जोड दिए ।

राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष विजय गौतमको अध्यक्षतामा सम्पन्न सम्मेलनमा श्रम तथा यातायातमन्त्री शारदा देवी थापा, प्रतिनिधिसभा सदस्य गणेश विक, राष्ट्रिय मानव अधिकार आयोग मधेश प्रदेश प्रमुख बुद्धनारायण सहनी, मधेश प्रदेश प्रहरी कार्यालयका डीआईजी ओमप्रकाश अधिकारी लगायतले मधेश प्रदेशमा मानव अधिकारको वर्तमान अवस्था, चुनौती र सुधारका उपायबारे आ आफ्ना धारणा राखेका थिए ।

# पढाईसँगसँगै खेलकुदको पनि विकास जरुरी : मन्त्री पोखरेल



**टुडे समाचारदाता**

जनकपुरधाम । शिक्षा तथा खेलकुद मन्त्री सस्मित पोखरेलले विद्यार्थीलाई पढाईसँगसँगै खेलकुदसहित सर्वाँगीन विकास हुन जरुरी रहेको बताएका छन् । सोमवार जनकपुरधामस्थित श्री संकटमोचन देवशरण रामरती माध्यमिक विद्यालयको निरिक्षण गर्दै यस्तो बताएका हुन् ।

उनले भने विद्यालयमा अध्ययनसँगै खेलकुदलाई समान महत्व दिनुपर्ने उल्लेख गर्दै विद्यार्थीको सर्वाँगीण विकासका लागि आवश्यक खेलकुद आवश्यक रहेकाले सरकारले खेलकुद सामग्री तथा पूर्वाधार विस्तारलाई सरकारले प्राथमिकतामा राखेको बताए ।

सो विद्यालयका विद्यार्थीहरूलाई खेलकुद सामग्री वितरण कार्यक्रमपछि सञ्चारकर्मीसँग कुराकानी गर्दै मन्त्री पोखरेलले शिक्षा क्षेत्र सुधारका लागि सरकार बहुआयामिक रूपमा काम गरिरहेको बताए । उनले हालै राजर्षी जनक विश्वविद्यालयका उपकुलपतिसँग भेटवार्ता गरी विश्वविद्यालयको शैक्षिक गुणस्तर सुधार, प्रशासनिक व्यवस्थापन तथा भौतिक पूर्वाधार विकासका विषयमा विस्तृत छलफल भएको जानकारी समेत दिए ।

राजर्षी जनक विश्वविद्यालयको आफ्नै भवन निर्माण, घेराबार तथा जग्गा व्यवस्थापनका विषयलाई प्राथमिकताका साथ अगाडि बढाइरहेको उल्लेख गर्दै उनले देखिएका समस्याहरू क्रमशः समाधान हुँदै गएको बताए ।

‘विश्वविद्यालयलाई थप व्यवस्थित, गुणस्तरीय र प्रतिस्पर्धी बनाउन आवश्यक सबै पक्षसँग समन्वय भइरहेको छ । भौतिक पूर्वाधारदेखि शैक्षिक वातावरण सुधारसम्मका विषयलाई सरकारले गम्भीरतापूर्वक अघि बढाइरहेको छ,’ मन्त्री पोखरेलले भने ।

उनले मधेश प्रदेशलाई साक्षर प्रदेश घोषणा गर्ने प्रक्रियासमेत अन्तिम चरणमा पुगेको जानकारी दिँदै सो विषयमा तयार गरिएको प्रतिवेदन प्रदेश सरकारलाई बुझाइसकिएको उल्लेख गर्दै त्यसको कार्यान्वयनका लागि आवश्यक प्रक्रिया अघि बढिरहेको उनले बताए ।

‘साक्षर प्रदेश घोषणाका लागि आवश्यक प्रतिवेदन तयार भइसकेको छ । प्रदेश सरकारलाई हस्तान्तरण पनि गरिसकिएको छ । यसमा सकारात्मक प्रगति भइरहेको छ र आवश्यक प्रक्रिया पूरा गर्दै हामी अगाडि बढिरहेका छौं,’उनले भने ।

साक्षर प्रदेश घोषणाको वर्तमान अवस्थाबारे सञ्चारकर्मीले राखेको जिज्ञासामा मन्त्री पोखरेलले शिक्षा क्षेत्रमा अझै धेरै चुनौती रहे पनि ती चुनौतीलाई अवसरमा रूपान्तरण गर्दै सरकार अघि बढिसकेको बताए । उनले शिक्षा क्षेत्रमा संरचनागत सुधार, गुणस्तरीय शिक्षण सिकाइ, विद्यालय व्यवस्थापन, शिक्षक क्षमता विकास तथा विद्यार्थीमैत्री वातावरण निर्माणलाई प्राथमिकतामा राखिएको जनाए ।

‘समस्या छन्, चुनौती छन् । तर, त्यसको समाधान खोज्दै हामी निरन्तर काम गरिरहेका छौं । शिक्षा क्षेत्रलाई परिणाममुखी बनाउन सरकार दृढ छ,’उनले स्पष्ट पारे ।

मन्त्री पोखरेलले सरकारले शिक्षा क्षेत्रमा देखिएका समस्या समाधानमा ढिलाइ नगर्ने नीति अवलम्बन गरेको उल्लेख गर्दै कुनै पनि विषय सार्वजनिक भएलगत्तै त्यसको समाधानका लागि सम्बन्धित निकायलाई सक्रिय बनाइने बताए ।

उनले पछिल्लो समय सार्वजनिक भएको प्रश्नपत्र बाहिरिएको घटनाको उदाहरण दिँदै सरकार र सम्बन्धित निकायले तत्कालै आवश्यक प्रक्रिया अघि बढाएको तथा २४ घण्टाभित्रै मुख्य आरोपी पक्राउ परिसकेको जानकारी दिँदै घटना बारे थप अनुसन्धान जारी रहेको बताए ।

यसअघि विद्यालयमा आयोजित कार्यक्रममा मन्त्री पोखरेलले भलिबल, क्रिकेट, ब्याडमिन्टन लगायत विभिन्न खेलकुद सामग्री विद्यार्थीहरूलाई कक्षा कोठामा आफै हस्तान्तरण गरेका थिए ।

मन्त्री पोखरेलले देशभरका सामुदायिक विद्यालयमा खेलकुद गतिविधि विस्तार, आवश्यक सामग्री उपलब्ध गराउने, विद्यालयस्तरीय प्रतियोगिता सञ्चालन गर्ने तथा प्रतिभाशाली खेलाडी उत्पादन गर्ने उद्देश्यका साथ मन्त्रालयले विभिन्न कार्यक्रम सञ्चालन गरेको जानकारी दिँदै सोही क्रममा जनकपुरधाम आएको बताए ।

## मदिरा लोड दुई पिकअप नियन्त्रणमा



**टुडे समाचारदाता**

मलंगवा । भारततर्फ तस्करीका लागि लैजादै गरिएको आशंकामा सर्लाहीको बलरा नगरपालिकाबाट प्रहरीले मदिरा लोड गरिएका दुई वटा पिकअप नियन्त्रणमा लिएको छ ।

स्थानीय प्रत्यक्षदर्शीका अनुसार सोमबार बिहान करिब ९ बजे बलरा नगरपालिका-३ लक्ष्मिपुर सीमा क्षेत्रबाट प्रदेश २-०३-००१ ख ५१३५ नम्बरको बोलेरो पिकअप नियन्त्रणमा लिइएको हो । त्यसैगरी बिहान करिब ११ बजे बलरा नगरपालिका-१ सेढवाबाट प्रदेश २-०३-००१ च ५६६८ नम्बरको अर्को पिकअप पनि नियन्त्रणमा लिइएको हो ।

दुवै सवारीसाधनमा ठूलो परिमाणमा सौफी मदिरा लोड गरिएको थियो र भारततर्फ लैजाने क्रममो नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ । नियन्त्रणमा लिइएका दुवै पिकअपलाई इलाका प्रहरी कार्यालय गडहियामा राखेर आवश्यक अनुसन्धानको लागि राखिएको छ ।

जिल्ला प्रहरी कार्यालय सर्लाहीका सूचना अधिकारी एवं डिएसपी बेदप्रसाद गौतमले पिकअप नियन्त्रणमा लिइएको विषयमा प्रारम्भिक जानकारी प्राप्त भएको पुष्टि गर्दै विस्तृत विवरण संकलन भइरहेको र अनुसन्धान पूरा भएपछि थप जानकारी सार्वजनिक गरिने बताए ।

# साहु–महाजन पनि आन्दोलनमा

**टुडे समाचारदाता**

मलंगवा । बालेन्द्र साह ‘ बालेन’ नेतृत्वको सरकार र मिटरब्याज पीडितबिच भएको नौबुँदे सहमतिप्रति असन्तुष्टि जनाउँदै सर्लाहीका ऋण लगानी गर्ने साहु-महाजनहरू आन्दोलनमा उत्रिएका छन् ।

सोमवार सर्लाहीको सदरमुकाम मलंगवास्थित जिल्ला समन्वय समिति सर्लाहीको तीनविघे मैदानबाट तुलब्यानर सहित जिल्ला प्रशासन कार्यालय सर्लाही, जिल्ला प्रहरी कार्यालय सर्लाही अगाडि प्रदर्शन गर्दै नगरपरिक्रमा गरेका छन ।

साहु महाजनले सरकारसँग भएको सहमति तत्काल खारेज गर्न माग गर्दै प्रदर्शन गरेको छ । पीडित लेनदेन संघर्ष समिति सर्लाहीको नेतृत्वमा भएको प्रदर्शनमा सहभागीहरूले ‘नौबुँदे सम्झौता खारेज गर’ कानुनी राज्य वहाल गर, एकतर्फी सहमती खारेज गर’ पिडित साहु महाजनलाई न्याय दे, लगायतका नाराबाजी गर्दै जिल्ला प्रशासन कार्यालय घेराउ गर्दै सर्लाहीका प्रमुख जिल्ला अधिकारी विजयराज सुवेदीलाई ज्ञापन पत्र समेत बुझाएका थिए ।

पीडित लेनदेन संघर्ष समिति सर्लाहीका रामबाबु यादवले भने सरकारले पीडित लेनदेन संघर्ष समिति संग छलफल नगरी मिटरब्याज पीडितसँग एकतर्फी सहमति गरेको आरोप लगाउदै सरकारको यो निर्णयबाट साहु महाजनहरु पिडामा परेको बताएका छन । यादवले भने सहमतिका कारण कानुनी रूपमा ऋण लगानी गर्ने साहु-महाजनहरू थप समस्यामा परेको दाबी गरे ।

यादवले नौबुँदे सहमतिको पुनरावलोकन गर्दै सबै पक्षको सहभागितामा समाधान खोज्नुपर्ने माग समेत गरेका छन् । गाउँघरमा बिरामी पर्दा, मृत्यु जस्ता आकस्मिक अवस्थामा वा बैंकबाट सहज रूपमा ऋण नपाउँदा साहु-महाजनले गर्दै आएको सहयोगको परम्परा सरकारको निर्णयका कारण प्रभावित हुँदै गएको उनको भनाई छ ।

गृहमन्त्री सुदन गुरुङले बाराको निजगढमा पीडितसँग भेट गरेपछि सरकार र पीडित पक्षबिच नौ बुँदे सहमति गरेको थियो । सरकारी वार्ता टोली र




पीडित पक्षबिच भएको सहमति अनुसार सरकारले मिटरब्याजलाई आर्थिक अपराधका रूपमा परिभाषित गर्दै यसको पूर्ण उन्मूलनका लागि मन्त्रिपरिषद्मा प्रस्ताव लैजाने सहमति गरेको छ ।

सहमतिमा फर्जी तमसुक, दृष्टिबन्धक, छिनुवा पास तथा बाध्यकारी चेक स्वतः अवैध र खारेज हुने व्यवस्था गर्ने उल्लेख छ । त्यस्तै, गृह मन्त्रालयले तीन महिनाभित्र मिटरब्याज नियन्त्रण सम्बन्धी विशेष ऐनको मस्यौदा तयार गर्ने, मुद्दा हेर्न छुट्टै न्यायाधिकरण गठन गर्ने तथा पीडितको सम्पत्ति फिर्ता र उचित क्षतिपूर्तिको व्यवस्था गर्ने सहमति भएको छ ।

वडा कार्यालय मार्फत हुने लेनदेन प्रमाणीकरणका क्रममा रकमको वैधानिक स्रोत र बैंक कारोबारको प्रमाण अनिवार्य गर्ने तथा आपराधिक लाभ वा भ्रष्टाचारबाट आर्जित रकम मिटर ब्याजमा लगानी गर्नेलाई कडा कारबाही गर्ने व्यवस्था पनि सहमतिमा समेटिएको छ ।

नयाँ ऐनमा वास्तविक भन्दा बढी रकमको कागज बनाउने, ब्याजलाई साँवामा जोड्ने, ऋणीलाई भर्पाई नदिने, अत्यधिक ब्याज असुल्ने, धम्की दिने, शारीरिक तथा मानसिक शोषण गर्ने, खाली चेक वा कागजमा जबर्जस्ती हस्ताक्षर गराउने तथा सम्पत्ति हडप्ने कार्यलाई अपराधका रूपमा नया बन्ने कानुनले परिभाषित गरिने उल्लेख छ ।

मिटरब्याजी माथि फरेन्सिक परीक्षण, सम्पत्तिको स्रोत छानबिन तथा सम्पत्ति शुद्धीकरण ऐन अन्तर्गत अनुसन्धान गरिने र अदालतमा विचाराधीन मुद्दामा पीडितलाई न्याय दिलाउन आवश्यक कानुनी अवरोध हटाउने सहमति भएको छ । पीडितका गुनासा सम्बोधन गर्न केन्द्रमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिवको संयोजकत्वमा उच्चस्तरीय समन्वय समिति र छुट्टै डेस्क स्थापना गरिनेछ ।

जिल्लास्तरमा सहायक प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा पीडितका तीन प्रतिनिधि सहित सहजीकरण समिति गठन गरिने छ महिना भित्र सबै उजुरी फछ्र्योट गर्ने व्यवस्था पनि सहमतिमा उल्लेख छ । पुनः मिटरब्याजको चक्रमा पर्न नदिन वार्षिक बजेट मार्फत आर्थिक सहायता तथा राहत प्याकेज ल्याउने सहमति भएपछि पछि मिटरब्याज पीडितहरूले आन्दोलनका सबै कार्यक्रम स्थगित गरेका थिए ।

यता मिटरब्याज पीडितहरु संग सरकारले समझौता गरेपछि साहु महाजनले पनि पीडित लेनदेन संघर्ष समिति गठन गरेर आन्दोलन र प्रदर्शन गर्न थालेको छ । एकतर्फी रुपमा मिटरब्याज पीडितहरू संग गरेको सहमती खारेज गर्नुपर्ने तथा दुबैपक्षलाई राखेर सहमती गर्नुपर्ने जोडदार माग राखेर साहु महाजनहरुले विरोध प्रदर्शन गरेको छ । आफुहरुको माग सरकारले सुनेन भनेर कडा आन्दोलन गर्ने चेतावनी साहु महाजनहरुले दिएका छन् ।

## महतोको अध्यक्षतामा रेडक्रसको तदर्थ समिति गठन

**टुडे समाचारदाता**



जनकपुरधाम । नेपाल रेडक्रस सोसाइटी धनुषाको नयाँ तदर्थ कार्यसमिति गठन गरिएको छ । केन्द्रीय तदर्थ समितिको निर्णयअनुसार धनुषा जिल्ला शाखाको पूर्ववर्ती समिति विघटन गर्दै नयाँ तदर्थ समिति गठन गरिएको हो ।

उक्त निर्णय नेपाल रेडक्रस सोसाइटीको विधान २०२० (अठारौँ संशोधन २०८२ सहित) बमोजिम गरिएको पत्रमा उल्लेख छ । पंकजकुमार महतोको अध्यक्षतामा नयाँ तदर्थ कार्यसमिति चयन गरिएको हो ।

समितिको मन्त्रीमा विमल पूर्वे र कोषाध्यक्षमा श्रीनिवाशकुमार सिंह रहेका छन् । त्यसैगरी सदस्यहरूमा डा. सुभाषचन्द्र यादव, रोजेशकुमार ठाकुर, राजेश राउत, अजयकुमार नायक, राजेन्द्रकुमार झा, गंगा बिष्ट, नानीनन्दिनी मिश्र र रामकलादेवी सदा (मुसहर) रहेका छन् ।

केन्द्रीय कार्यालयबाट जारी पत्रअनुसार नवगठित तदर्थ समितिलाई शाखाको आर्थिक तथा प्रशासनिक अवस्था अध्ययन गर्ने, संस्थागत सुदृढीकरण गर्ने, सदस्यता अद्यावधिक गर्ने, आवश्यक प्रतिवेदन तयार गरी केन्द्रीय कार्यालयमा बुझाउने तथा निर्धारित कार्यादेश अनुसार शाखाको गतिविधि सञ्चालन गर्ने जिम्मेवारी दिइएको छ ।

उक्त निर्णय केन्द्रीय तदर्थ समितिको बैठकबाट पारित भएको जनाइएको छ ।








सर्पको टोकाइबाट बचौ र बचाऔं

- आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं,
- सर्पले डसेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- सर्पले डसेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं,
- झारफुकलगायतका गलत परम्परागत उपचार विधिहरु नलागौं,
- घरवरपरका सर्प बस्नसक्ने सम्भावित ठाउँको पहिचान गरी व्यवस्थापन गरौं,
- रातको समयमा बुट लगाएर टर्च लाईट बालेर हिड्ने गरौं,
- घरमा सर्प छिर्न सक्ने प्वालहरु बन्द गरौं,
- झुल लगाएर खाटमा सुत्ने गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८